परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवानाबाट बचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर

❑ वर्ष ९ ❑ अंक १८ २०७७ मंसिर १४ गते आईतवार Sunday 29, NOV, 2020 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## लैगिक हिंसा विरुद्धकी अभियन्ता अभिनन्दित

विराटनगर । लैंगिक हिंसा विरूद्धकी अभियान्ता स्वेता श्रेष्ठलाई जिल्ला प्रहरी कार्यालय मोरंगका प्रमुख प्रहरी उपरीक्षक संतोष खड्काले अभिनन्दन तथा शुभकामना प्रदान गरेको छ ।

"लैंगिक हिंसा अन्त्यको प्रतिबद्धता : व्यक्ति समाज र सबैको ऐक्यवद्दता" भन्ने राष्ट्रिय नाराका साथ विश्वव्यापी रूपमा मनाई रहेको "लैंगिक हिंसा बिरूद्धको १६ दिने अभियान" को क्रममा इमपावरीग ओमेन अस ट्रूभल भन्ने मूल नाराका साथ मेची(महाकाली साईकल यात्रामा निस्किएकी श्रेष्ठलाई सम्मान गरेको हो ।



झापा भद्रपुर निवासी लैंगिक हिंसा विरूद्धकी अभियान्ता श्रेष्ठलाई यस जिल्ला प्रहरी कार्यालयको प्राङ्गणमा सम्मान गरेको छ ।

## चिताबाटै शव पोष्टमार्टमको लागि प्रतिष्ठानमा

विराटनगर , नोबेल शिक्षण अस्पतालमा मृत्यु भएका एक पुरुषको शव चिताबाट उठाएर पोष्टमार्टमका लागि बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान पुऱ्याएको थियो ,

टाउकोको शल्यक्रियाका क्रममा मृत्यु भएका मोरङको केराबारी गाउँपालिका गाउँपालिका वडा नं. ९ बेलचौरीका ३० वर्षीय बिक्की ऋषिदेवको पेटमा पाँच टाका लगाइएको भेटिएपछि आफन्तले चिताबाट शव उठाएर पोष्टमार्टमका लागि लगेको थियो , विपन्न परिवारका बिक्कीलाई स्थानीयले चन्दा उठाएर नोबेलमा अस्पताल भर्ना गराएका थिए , टाउकोको शल्यक्रिया गरेकमा शाल्यक्रिया गरेको एक दिन पछि मृत्यु भएको थियो ,

अस्पतालले पैसा सबै नतिरेसम्म शव नदिने भन्दै रोकेर राख्यो , स्थानीयले पुन : चन्दा उठाए मृतकको शव बुझेर दाहसंस्कारको लागि चितामा राखेर आगो लगाउन अघि कपडा खोल्दा पेटमा प्वाल देखिएको थियो , नाइटो

वांकी अन्तिम पेजमा...

## १ सय ८० थपिदा ८४ डिस्चार्ज

विराटनगर । प्रदेश १ मा शनिवार १ सय ८० जना कोरोना संक्रमित थपिदा ८४ जना डिस्चार्ज भएका छन् ।

मोरंगमा ३६, सुनसरीमा ५३, झापामा ४९, इलाममा १७, पाँचथरमा ६, धनकुटामा ४, उदयपुरमा २, ताप्लेजुङ, तेर्हथुम र भोजपुरमा १-१ र प्रदेश १ बाहिरका १० जना रहेको सामाजिक विकास मन्त्रालयले जनाएको छ ।

सुनसरीको धरानमा २५, इटहरीमा २३, दुहवी र रामधुनीमा २-२, भोक्राहानरसिंहमा १, झापाको दमकमा २२, विर्तामोडमा ७, भद्रपुरमा ५, अर्जुनधारामा ४, मेचीनगरमा ३, कनकाईमा २, शिवसताक्षी, बार्हदशी, कचनकवल, गौरादह र झापा गाउँपालिकामा १-१ र स्थानीय तह नखुलेका १, मोरंगको विराटनगरमा १६, कटहरी र सुन्दरहरैचामा ४-४, बेलबारीमा ३, कानेपोखरी, पथरीशनिश्चरे र सुनबर्षीमा २-२, केराबारी, रंगेली र ग्रामथानमा १-१ जनामा संक्रमण देखिएको छ ।

त्यसैगरी इलामको सुर्योदयमा १४, इलाम नगरपालिका, देउमाई र चुलाचुलीमा १-१, पाँचथरको फिदिममा ४, मिक्लाजुङ र स्थानीय

वांकी अन्तिम पेजमा...

## तालिम संचालन गर्ने मोहन र करुणा बीच सम्झौता

विराटनगर । प्रदेश १ सरकार अर्न्तगतको मनमोहन प्राविधिक विश्वविद्यालय र करुणा फाउण्डेसनवीच सीप मुलक तालिम संचालन गर्ने सम्झौता भएको छ ।

विराटनगर महानगरपालिका वडा नं. १४ मा रहेको विराट क्याम्पसको भवनमा विभिन्न सीप मुलक तालिम सञ्चालन गर्न ५ बर्षका लागि दुवै पक्षले सम्झौता गरेको हो ।

प्रदेश सरकार सामाजिक विकास मन्त्रालय र करुणा फाउण्डेसनको सहकार्यमा सञ्चालित अपाङ्गता पुर्नस्थापना संवन्धि कार्यक्रमका विभिन्न सीपमुलक तालिम र विश्वविद्यालय का सीप मुलक तालिम सञ्चालनका लागि २०८२ भदौ मसान्त सम्मका लागि सम्झौता गरिएको विश्वविद्यालयका प्रशासन प्रमुख मदन प्रधानले बताए ।

उक्त सम्झौतामा विराट क्याम्पसको भवनमा तालिम तथा श्रोत केन्द्र सञ्चालनका लागि आवश्यक मर्मतको कार्य करुणा फाउण्डेसनले गर्ने भएको छ । फाउण्डेसनले मर्मतका लागि करिव ५० लाखको लागत स्टिमेट तयार गरेको छ ।

सामाजिक विकास मन्त्री तथा मनमोहन प्राविधिक विश्वविद्यालयका सहकुलपति जीवन घिमिरे, बुढीगंगा गाउँपालिकाका अध्यक्ष बालचन्द्र माझी, विश्वविद्यालयका प्रमुख सुवास श्री पोखरल, करुणा फाउण्डेसनका सहनिर्देशक योगेन्द्र गिरी लगायतको उपस्थितिमा सो सम्झौता भएको थियो । विराट क्याम्पसको सम्पत्ति र दायित्व मनमोहन विश्वविद्यालयलाई भदौ ४ गते नै हस्तान्तरण गरिसकेको छ ।

विराट क्याम्पसका अध्यक्ष भूराज राईले करिव ४० करोडको सम्पत्ति तथा दायित्व विश्वविद्यालयका प्रमुख सुवास श्री पोखरेललाई हस्तान्तरण गर्नुभएको थियो । मनमोहन प्राविधिक विश्वविद्यालय अहिले पाठ्यक्रम तयारीमा रहेकाले शैक्षिक कार्यक्रम सञ्चालन गर्न करिव १ वर्ष लाग्ने भएकाले तत्कालका लागि प्रदेश सरकारले सीप मुलक तालिम तथा श्रोत केन्द्र सञ्चालन गर्न लागेको छ ।

## प्रदेश १ सरकारलाई १८ लाखको स्वास्थ्य सामग्री प्रदान

विराटनगर । नेपाल रेडक्रस सोसाईटीले १८ लाख ५८ हजार भन्दा बढीको स्वास्थ्य सामाग्री प्रदेश नं. १ सरकारलाई प्रदान गरेको छ ।

नेपाल रेडक्रस सोसाईटीकी केन्द्रीय उपाध्यक्ष शर्मिला कार्कीले १६ लाख ३२ हजार ८५० मूल्य बराबरको एउटा भेन्टिलेटर, ६ हजार थान सर्जिकल मास्क, २ हजार ५ सय जोर ग्लोब्स, ५० थान पीपीई, २ सय थान केएन ९५ मास्क, ५० थान सुरक्षा चस्मा गरि १८ लाख ५८ हजार १ सय बराबरको सामाग्री सामाजिक विकास राज्यमन्त्री जसमाया गजमेरलाई प्रदान गरेको छ ।

स्वास्थ्य सामाग्री ग्रहण गर्दै र ाज्यमन्त्री गजमेरले संघीय, प्रदेश र स्थानीय सरकार मात्रै नभएर कोरोना संक्रमण नियन्त्रणका लागि सवै एक ठाउँमा उभिन आवश्यक रहेको बताए ।

प्रदेश सरकारले प्राप्त गरेको सामाग्री कोरोना संक्रमण जोखिममा अग्रपंक्तिमा रहेर कार्यगर्ने व्यक्तिहरुलाई वितरण गर्ने गरि एको सो सामग्री नागरिकको जीवन र क्षाको सदुपयोग हुनेछ ।

सोसाईटीकी केन्द्रीय उपाध्यक्ष कार्कीले रेडक्रस केन्द्र स्तरमा मात्रै नभई प्रदेश र जिल्ला स्तरमा पुगेर कोरोना संक्रमण जोखिममा अग्रपंक्तिमा रहेर कार्यगर्ने स्वास्थ्यकर्मी र विरामीको सघन उपचारमा मद्दत

वांकी अन्तिम पेजमा...

## क्वारेन्टिन कार्यालय मोरंगको सूचना

*बिरूवा तथा बिरूवा जन्यउपजहरूको निकासी पैठारी र ओसार पसार गर्दा सत्रु जीवको प्रवेश हुन सक्ने भएकोले बिरूवा संरक्षण ऐन २०६४ तथा बिरूवा संरक्षण नियमावली २०६६ अनुसार त्यस्ता बिरूवाहरू तथा बिरूवा जन्य उपजहरूको अनिवार्य क्वरेन्टिन जाँच गराई ओसार पसार गर्नुहुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ ।*

क्वारेन्टिन कार्यालय मोरंग

SUKRATARA FURNITURE UDYOG
BIRATNAGAR
9842033365
9805391277
Chattdev007@gmail.com



All types of Fabrication, Furniture, Prefab, Truss are available.

मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
पू.क्षे.हु.नि.मोरंग द.न. ०१/०७३/७४

## प्रदेश १ ..

पुर्याउने काम गरिएको वताए ।

कोकाकोला र नेपाल रेडक्रस सोसाईटीको साझेदारीमा कोरोना महामारीको अग्रपंक्तिमा खटिने स्वास्थ्यकर्मी, विरामी र स्वयंसेवकहरुको सुरक्षाका लागि स्वास्थ्य सामाग्री हस्तान्तरण गरिएको नेपाल रेडक्रस सोसाईटी मोरङका सभापति सुवोधकुमार सिंहले जानकारी गराएका थिए ।

## चिताबाटै..

नजिकै पेटमा पाँच टाँका लगाएको देखिएपछि स्थानीय र आफन्तले शवको अन्त्येष्टि गर्न मानेनन् र चिताबाट उठाएर पोष्टमार्टमका लागि शव बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा लगेको थियो ।

नोबलका विषेशज्ञ डाक्टर प्रकाश काफ्लेका अनुसार टाउकोबाट पाइप निकालेर नाइटो नजिकै पेटभित्र राखिन्छ , यो प्रकृयालाई मेडिकल भाषामा ‘भेन्टीक्लो प्लेटेनियमसन्ट’ भनिन्छ , ‘टाउकोको शल्यक्रिया गर्दा पेटमा पाइप राख्न प्वाल पारिन्छ, यो सामान्य प्रकृया हो ,

## १ सय..

तह नखुलेको १-१, धनकुटाको धनकुटा नगरपालिकामा ४, उदयपुरको त्रियुगा र वेलकामा १-१, ताप्लेजुङको फुङलिङ, तेर्हथुम र भोजपुरमा १-१ र प्रदेश १ बाहिरका १० जनाको रिपोर्ट पोजेटिभ आएको सामाजिक विकास मन्त्रालयले जनाएको छ। प्रदेश १ मा कोरोना संक्रमितको संख्या २६ हजार ८५९ पुगेको छ ।

हालसम्म डिस्चार्ज हुनेको संख्या २१ हजार ७ सय ६२ पुगेको छ। प्रदेश १ मा ७ सय ७३ जनाको पीसीआर परीक्षण गरिएको छ। परीक्षण गरिएका मध्ये ६८ महिला र ११२ पुरुषको रिपोर्ट पोजेटिभ आएको छ। हालसम्म १ लाख ८९ हजार ५०२ जनाको पीसीआर परीक्षण गरिएको सामाजिक विकास मन्त्रालयले जनाएको छ ।

# हर्न निषेधको पालना नगरे ड्राईभरलाई कारवाही



विराटनगर। ’हर्न निषेध’को पालना गर्न जिल्ला प्रहरी कार्यालय मोरङले सवारी चालकलाई अनुरोध गरेको छ। नियमको पालना नगरेर कारबाही गर्ने तयारी प्रहरीले थालेको छ।

हर्न बजाउने नाममा त्यसको दुरुपयोग गरिएको र हर्नका कारण ध्वनी प्रदूषणसमेत बढेकोभन्दै प्रदेश १ प्रहरी कार्यालयले २०७४ साल असोज १ गतेबाट प्रदेशमा ‘हर्न निषेध’ गरेको थियो ।

साना तथा ठूला सवारी साधनलाई जथाभावी हर्न बजाउन रोक लगाइएको थियो । ट्राफिक प्रहरीले जथाभावी हर्न बजाउने सवारी साधन र चालकलाई कारबाही गर्ने गरेको थियो । तर पछिल्लो समय त्यसको कार्यान्वयन फितलो भएको गुनासो आइरहँदा मोरङ प्रहरीले कडाई थालेको हो ।

मोरङ प्रहरीका प्रवक्ता डीएसपी मानबहादुर राईद्धारा जारी विज्ञप्तिमा निजी, सरकारी तथा सार्वजनिक सवारी साधनले जथाभावी प्रेसर हर्नको प्रयोग गरिरहेकोभन्दै अब उप्रान्त हर्न प्रयोग नगर्न अनुरोध गरिएको छ। मोरङ प्रहरी प्रमुख एसपी सन्तोष खड्काले दुर्घटना हुनसक्ने खतरा रहेको स्थान, घुम्ती र मोडहरुमा बाहेक अन्य स्थानमा सवारी साधनले हर्न बजाउन नपाउने जानकारी दिनु भयो ।

जथाभावी हर्न बजाउँदा ध्वनी प्रदूषण हुने भएकाले कारबाहीका लागि प्रहरी सक्रियता बढाइएको उहाँको भनाइ छ । एसपी खड्काले नियमको पालना नगर्नेलाई तत्काल नियन्त्रणमा लिएर कारबाहीको दायरामा ल्याइने जानकारी दिनु भयो प्रदेशमा पर्ने झापा, मोरङ, सुनसरी, ताप्लेजुङ, पाँचथर, इलाम, तेह्रथुम, धनकुटा, भोजपुर, संखुवासभा, सोलुखुम्बु, खोटाङ, ओखलढुंगा र उदयपुरमा हर्न बजाउन नपाइने नियम लागू गरिएको थियो ।

सबै जिल्लाका मुख्य राजमार्ग एवं सहायक राजमार्ग र सवारी साधनको चाप अत्यधिक हुने स्थानलाई लक्षित गरेर ट्राफिक प्रहरीले हर्न निषेधका बोर्डहरुसमेत राखेको छ। एसपी खड्काले ‘हर्न निषेध’का सवालमा पछिल्लो समय विभिन्न जानकारीमुलक कार्यक्रमहरु भइरहेको जनाउनु भयो ।

उहाँले ओभरटेक गर्ने, मान्छे बोलाउने, साइड माग्ने, बाटो काट्नेलगायतका बहानामा हर्न बजाउन नपाइने तर घुम्ती, सवारीसाधन ठोक्किनै लागेको अवस्था र यात्रु किचिने अवस्थामा भने हर्न बजाउन पाउने जानकारी दिनु भयो ।

# जगली हरिण सब डिभिजन वन कार्यालयको जिम्मामा



रंगेली । जगली हरिण जंगलभन्दा बाहिर आई चरी रहेको अवस्थामा फेलापरी सब डिभिजन वन कार्यालय रंगेलीमा बुझाएका छ ।

प्रदेश नं. १ मोरंग जिल्लाको पुरानो सदर मुकाम हालको रंगेली नगरपालिका वडा नं. दौलतपुर स्थित शिव कुमार मण्डलको पोखरी छेउमा चरी रहेको एक हरिणलाई स्थानीहरुले नियन्त्रण लिई राखेको भन्ने जानकारी ईलाका प्रहरी कार्यालय रंगेलीले पाएपछि प्रहरी टोली खटि गई उक्त हरिण जिम्मा लिएका थिए ।

सो हरिणलाई इलाका प्रहरी कार्यालय रंगेलीले रंगेली नगरपालि का वडा नं. ३ आमतोला स्थित सब डिभिजन वन कार्यालय रंगेलीमा बुझाएको छ।

# बलात्कार पछि हत्याको विरोधमा प्रदर्शन

मिर्चैया, मंसिर ९ गते। महोत्तरी जिल्लाका वर्दिवासमा ६ वर्षिय बालिकाको बलात्कार गरी हत्या भएको विरोधमा स्थानीय आन्दोलित भएको छ।

विरोधमा उत्रिएका स्थानीय माथि प्रहरीले गोली चलाए पछि गोली लागेर तीन जना गम्भीर घाइते भएका छन्। प्रदर्शनका कारण वर्दिवास अवस्था तनावग्रस्त छ।

बालिका हत्याको विरोधमा पूर्वपश्चिम राजमार्गस्थित बर्दिबासमा विरोध प्रदर्शनको क्रममा प्रहरीले राजमार्ग खुलाउन चलाएको गोली लागेर तीन जना स्थानीय घाइते भएका हुन्। घाइते हुनेमा बर्दिवासकै श्याम कार्की, सञ्जय न्यौपाने र नाम खुल्न नसकेका अर्को एकजना छन्। श्यामको टाउकोमा गोली लागेको छ भने सञ्जयको खुट्टामा गोली लागेको छ। गम्भीर घाइते दुई जनालाई काठमाडौं पठाइएको छ भने एकजनाको बर्दिवासस्थित स्थानीय अस्पतालमा उपचार भइरहेको छ।

स्थितिलाई नियन्त्रणमा लिन र राजमार्ग खुलाउन दर्जनौं राउण्ड अश्रु ग्यास र गोली समेत चलाएको थियो।

बर्दिबास १४ निवासी शहीद आलमकी ६ वर्षीया छोरी गुलाब खातुनको हत्या भएको हो। आइतबार साँझदेखि बेपत्ता भएकी उनको शव सोमबार राति १ बजेतिर घर नजिकैको खाली खेतमा फेला परेको थियो।

बालिकाको हत्याको आरोपमा प्रहरीले गौशाला नगरपालिका ५ घर भई बर्दिबासमा किराना पसल गर्दै आएका अरुणकुमार साहलाई पक्राउ गरेको छ।

पटक-पटक साहले घट्ना घटाएककाले उनलाई धरौटीमा छुट्न नपाउने गरी आजीवन कैद सजया हुनुपर्ने माग गरेका छन्।

लैंगिक हिंसा अन्त्यको प्रतिवद्धता :
व्यक्ति, समाज र सबैको ऐक्यवद्धता

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधी मन्त्रालय
सूचना तथा प्रसारण विभाग

अस्पतालकै जगतमा एक मात्र सुरक्षा अस्पताल

सुरक्षा अस्पताल प्रा.लि.सबैको सहयोगले स्त्री रोग तथा प्रसुती सेवा पाचौं वर्ष पुरा गरेर छैठौ वर्षमा प्रवेश गरेको र नवजात शिशुको उपचार दोस्रो वर्षमा प्रवेश गर्नुका साथै हाल ढाड तथा नशा रोग, **painless** प्रसुती सेवा, **Emergency** सेवा नया एंव अध्याधिक भरपर्दो **(ICU/MICU,NICU)** तथा जेनरल वार्डमा विभिन्न प्रविधिहरु सहितको सुविधा सम्पन्न सेवा संचालन भएको सबै सेवा ग्राहीहरुमा जानकारी गराउँदछौ ।

हाम्रो सेवाहरु :-

★ स्त्री रोग तथा प्रसुती सम्बन्धी सम्पूर्ण सेवाहरु
★ रोग सम्वन्धी (PICU,NICU With Ventilator) सेवा
★ जनरल फिजिसियन सेवा
★ जनरल सर्जरी तथा हाडजोडर्नी नशा रोग सम्वन्धी सम्पूर्ण सेवा
★ Minor & Major surgery सेवा
★ Laparoscopic surgery (दुरवीन द्धारा अप्रेशन) सेवा
★ इन्टरभेसनल स्पाइन एण्ड क्रोनिक पेन म्यानेजमेन्ट
★ 24 Hours Emergency सेवा
★ विशेष डाक्टरहरु द्धारा ओ.पि.डी. सेवा
★ २४ घण्टा ल्याब सेवा, एम्बुलेन्स सेवा र फार्मेसी सेवा
★ इनफर्टिलिटी क्लिनिक सेवा
★ **X–Ray, ECG,ECHO,USG,HSG,Cystoscopy**

सुरक्षा अस्पताल प्रा.लि.
वीरेन्द्र सभागृह अगाडी
सम्पर्क न. ०२१- ५३६९४१




क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशकःश्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउटःविजय कु.मण्डल
मुद्रकः बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल : crimeopration@gmail.com

## सम्पादकीय

# धानको मूल्य अनुगमन खोई ?

नेपाल एक कृषि प्रधान देश हो। यहांका किसानहरुले कृषिवालीमै निर्भर रहेका छन्। तर पनि सरकारले कृषकहरुले उत्पादन गरेको बालीको बजारमा उचित मुल्य पाउन सकेका छैन। हरेक वर्ष किसानले बाली उत्पादन गर्ने र सस्तोमा व्यपारीले खरीद गरी व्यापारी मोटाउने काम मात्र भएको छ। किसानको घरको गर्जो टार्न, बैकको व्याज बुझाउन हतार-हतारमा आफ्नो उत्पादन बच्न बाध्य भएका छन्। धान उत्पादन हुनेबित्तिकै किन्नेहरू आफूले तोकेको मूल्यसूची लिएर किसानको घरमै पुग्ने गरेका छन्। उनीहरूले तोकेको मूल्यमा धान नबेचौं भने नबिक्ला कि भन्ने डर, बेचौं भने निकै सस्तोमा दिनुपर्ने बाध्यता किसानमा छ। कृषिको आधुनिकीकरण तथा किसानका समस्या समाधानका लागि सरकारले थुप्रै कार्यक्रम सञ्चालन गरे पनि वास्तविक किसानहरु यसवाट लाभ लिन सकेका छैन्न। तीन महिना लगाएर बाली उत्पादन गर्ने किसानले २० रुपिया केजी विक्री गर्दछन् भने व्पारीलै सिधै ६० रुपियाँमा बच्दछन्। यसको सरकारी तर्फवाट कुनै अनुगमन भएको छैन। सरकारको ध्यान त्यतातर्फ पुगेको देखिदैन बरु व्यपारीसंग डोनेसन मागेर किसानको सट्टा व्यपारीलाई नै सरकारले संरक्षण गरेको छ।

नेपाल सरकारले सधै कार्तिक महिनामा धानको मुल्य तोक्ने गरेकोमा यसपटक नेपाल कृषि सहकारी केन्द्रीय संघलाई धान किन्ने अनुमति दिएर मूल्यसमेत तोकेको थियो। तर असारमा धानको मूल्य तोके पनि कार्यविधि निर्माणमा ढिलाइ हुँदा सहकारीले धान किन्ने अनुमति कात्तिकमा मात्रै पाएका छन्। सहकारीले धान किन्दैछन् भन्ने पत्तो नपाएपछि किसानले भने विगतकै परम्पराअनुसार सरकारी मूल्यभन्दा निकै सस्तोमा धान बेचिसकेका छन्। तर सहकारीले दिनेभन्दा प्रति क्विन्टल झण्डै एक हजार कम मूल्यमा साहुहरूले किसानबाट धान कब्जा गरिसकेका छन्।

सरकारले धानको गुणअनुसार प्रति क्विन्टल दुई हजार सात सय ३५ र दुई हजार ८ सय ८५ रुपैयाँ तोकेको थियो। तर साहुहरूले भने प्रति क्विन्टल १ हजार ८ सय र १ हजार ९ सय रुपैयाँमै धान विक्री गर्न बाध्य भएका छन्। यसपटकको अनुभवबाट पाठ सिकेर अर्को वर्षको तयारी अहिलेदेखि थाल्नुपर्छ। किसानको धान जसरी पनि सरकारले तोकेकै मूल्यमा बिक्री हुन्छ र कसैले नकिनेमा हामी किन्छौं भन्ने आश्वासन राज्यबाट हुन आवश्यक छ।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ):तपाईका विरोधीहरु परास्त हुनुका साथै मान सम्मान समेत मिल्ने योग रहेको छ। युवकयुवतीहरुका लागि नयां जीवन साथी मिल्ने छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): आर्थिक पक्ष राम्रो रहेकाले व्यपार व्यवसायीवाट राम्रै लाभ मिल्ने तथा पारिवारिक सुख भ्रमणको योग समेत रहेको छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)**:मनमा अनावश्यक तर्ककुतर्कले डेरा जमाउने योग देखिन्छ। गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पु-याएर काम गर्नु होला।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)**: विद्यार्थी वर्गका लागि पढाईमा गहिर ो लगाव हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी गराउने योग छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)**: शारिरीक अस्वस्थ्यताका साथै आलस्य बढने योग रहेको छ। नाना तरहका अनावश्क विषयले मानसिक तनाव उत्पन्न गराउने देखिन्छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)**:परिवारिक चिन्ताले सताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवादमा पर्न सम्भावना रहेको छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू)**: आर्थिक पक्ष सवल रहेको छ। आत्मबल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता वढ्ने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)**: मेवा मिष्ठान्नका परिकार प्राप्त हुने बेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ हुनेछ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)**:महिनाको पुर्वाधमा मित्रसहयोग,धनागमन तथा मनोरञ्जनको अवसर मिल्नेछ। भने उत्तरार्धमा मान हानि तथा अपमान आउनसक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द)**:सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाईलो यात्राको सुवर्ण अवसर मिल्ने योग रहेको छ।

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)**:शत्रुहरुको शिर निहुरिनेछ। भने वाद विवादमा विजय मिल्ने योग रहेको छ। पेट, आंखा तथा सामान्य शारीरिक अस्वस्थता देखापर्नेछ।

# पिछ्डावर्ग (आविसी) के हो ?

**जय प्रकाश महतो**

आदी अनादीकाल देखी नेपालको यस भुगोलमा बसोवास गर्दै आएको भएतापनि राजनैतिक, समाजिक, सांस्कृतिक, शैक्षिक, आर्थिक, प्रशासनिक आदि क्षेत्रमा पहुँच नपुगेको तर केही निश्चित पेशा बोकेको जातिहरु जुन आदिवासी जनजाती, दलित, खस आर्य, उच्चवर्गमा नपरेको जातिहरुलाई पिछडावर्ग भनिन्छ। यी जातिहरुको आफनै भाषा, पहिरण, रहनसहन, संस्कार, संस्कृति, रितिरिवाज रहेको छ। पिछडावर्गमा पर्ने जातिहरुको मानव विकास सुचांक अति नै न्युन रहेको छ। यस पिछडावर्गमा पर्ने जातिहरुको आ आफनै पेशाहरु रहेका छन्। त्यसैले यी जातिहरुलाई पेशाकर्मी पनि भनिन्छ।

नेपालको संबिधानमा पिछडावर्ग( ओ.वि.सि.) को अधिकार :

नेपाल पिछडावर्ग (इद्यत्र्र) महासंघको संस्थापक एवं तत्कालिन केन्द्रिय अध्यक्ष भरत प्रसाद महतोको नेतृत्वमा बिगत बर्षहरुमा भएको पिछडावर्गको आन्दोलनको कारण नेपाल सरकार र नेपाल पिछडावर्ग ( इद्यत्र्र) महासंघका संस्थापक एवं तत्कालि केन्द्रीय अध्यक्ष भरत प्रसाद महतो बिच मिति २०६५ चैत्र ११ गते ५ बुदें, मिति २०६६ अषाढ ३ गते ४ बुदें, मिति २०६८ जेष्ठ ६ गते ३ बुदें र २०६९ बैशाख १३ गतेमा ६ बुदैं सम्झौता भएको थियो। त्यसको फलस्वरुप यस महासंधको तत्कालिन अध्यक्ष भरत प्रसाद महतोले नेपाल सरकारसंग संबिधान निर्माणको क्रममा संवाद र छलफल गरेको र सोही बमोजिम पिछडावर्ग उल्लेख गरिएको हो।

नेपालको संविधानमा पिछडावर्ग (ओविसी) सम्बन्धी संस्थागत उपलब्धी र भएको व्यवस्था :-

(१) भाग -३ मौलिक हक र कर्तव्य धारा १८ समानताको हकको उपधारा (३) मा, "पिछडावर्ग (इद्यत्र्र)" उल्लेख गरेको ,

(२) भाग ३ धारा (४२) सामाजिक न्यायको हकको उपधारा (१) मा , "पिछडावर्ग (इद्यत्र्र)" उल्लेख गरेको ,

(३) भाग-४ राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वको धारा (५१) राज्यका नीतिहरुको उपधारा ( ञ) सामाजिक न्याय र समावेशीकरण नीतिको (१०) मा, "पिछडावर्ग ( इद्यत्र्र)" उल्लेख गरेको ,

(४) भाग-२७ अन्य आयोगहरु धारा २५९ राष्ट्रिय समावेशी आयोगगको काम, कर्तव्य र अधिकारको उपधारा (१) को (क) मा "पिछडावर्ग (इद्यत्र्र)" उल्लेख गरेको

,(५) भाग - २८ राष्ट्रिय सुरक्षा सम्बन्धी व्यवस्था धारा २६७ को उपधारा (३) मा पिछडावर्ग (इद्यत्र्र) उल्लेख गरेको,

"पिछडावर्ग" उल्लेख गरी यस महासंधको मागलाई सम्बोधन गर्न खोजे पनि पुर्ण रुपमा र सबै ठाउमा उल्लेख नगरेकोले संबिधानको शंशोधन मार्फत पिछडावर्गको माग पुरा गर्नु पर्ने देखिन्छ।

आन्दोलन, संवाद र छलफल को आवश्यकता किन ?

संबिधान शंसोधन मार्फत पिछडावर्ग( इद्यत्र्र) लगायत अन्य बिषयहरु सम्बन्धी व्यवस्था थप्नु पर्ने :-

जनताको पुर्ण लोकतन्त्रको खातिर निर्माण भएको संबिधानमा सबैको अधिकार समान रुपमा कायम गराउन थप शंशोधन गरी पिछडावर्ग जनताको अधिकारको ग्यारेण्टी गर्नु पर्ने देखिन्छ। सहिदको सपनालाई र घाईतेको चित्कारलाई सम्मान गर्नु पर्ने देखिन्छ।

(१) भाग १ घारा ४ को नेपाल राज्य को उपघारा (१) मा "समानुपातिक" थपेर समानुपातिक समाबेशी बनाउनु पर्ने।

(२) भाग ३ घारा ४२ (१) सामाजिक न्यायको हकमा "समानुपातिक" थपेर समान ुपातिक समाबेशी सिद्धान्त बनाउनु पर्ने।

(३) भाग ४ घारा ५१ राज्य नीतिहरुको (क, ५) मा समानुपातिक थप्नु पर्ने।

(४) भाग- ८ संघीय व्यवस्थापिका

(क) धारा ८४ (१, क) मा प्रत्यक्ष निर्वाचन प्रणालीमा सबै राजनैतिक दलवाट पनि "समानुपातिक समाबेशी" सिद्धान्तको आधारमा उम्मेदवार चयन गर्नु पर्ने।

(ख)घारा ८४ (१, ख) मा "समाबेशी" थपेर "समानुपातिक समाबेशी निर्वाचन" प्रणाली हुनु पर्ने।

(ग) धारा ८४ को उपधारा ( २) मा पिछडावर्ग(इद्यत्र्र) थप्नु पर्ने। बन्द सूचिका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था संघीय कानून बमोजिम हुनु पर्ने। बिगतमा पिछडिएको क्षेत्र(कर्णाली अंचल) लाई दिईरहेको आरक्षण बन्द गर्नु पर्ने वा हटाउनु पर्ने। किनकि यो दोहोरिएको छ।

(घ) घारा ९७ को उपघारा ( २) मा "समानुपातिक" थप्नु पर्ने र "समानुपातिक समाबेशीता" को अधारमा समिति गठन गर्नु पर्ने

(ङ) घारा १०१ उपघारा १,२,३,४,५ मा कुनै ब्यक्तिको बिरुद्ध महाअभियोगको प्रस्ताव पेश गर्ने आधार र कारण बिद्यमान भए नभएको छानविन समिति "समानुपातिक समाबेशी" सिद्धान्त बमोजिम गठन हुनु पर्ने।

(च) घारा १०३ को उपघारा (२,३) र घारा १८७ को उपघारा (२,३) लाई गंभिरताको साथ पुर्नबिचार गर्नु पर्ने। एउटै समुदायवाट राष्ट्रपति, उपराष्ट्र पति, सभामुख, उपसभामुख, प्रधानमन्त्री र उप प्रधानमन्त्री, राष्ट्रिय सभाको अध्यक्ष, उपाध्यक्ष हुनु हुदैन्।

(छ) घारा ९१ को उपघारा २ र घारा ९२ को उपघारा २ मा फरक फरक दल र समुदाय ( वर्गीय)को प्रतिनिधि हुनु पर्ने।

(५) भाग-१४प्रदेश व्य वस्था पिका

(क) धारा १७६(१, क) बमोजिम प्रदेश सभाको प्रत्यक्ष निर्वाचन प्रणालीमा सबै राजनैतिक दलवाट पनि "समानु पातिक समाबेशी" सिद्धान्तको आधारमा उम्मेदवार चयन गर्नु पर्ने।

(ख) धारा १७६(१, ख) मा "समाबेशी" थपेर "समानुपातिक समाबेशी निर्वाचन" प्रणाली हुनु पर्ने।

(ग) धारा १७६ उपधारा (६) मा समानुपातिक समाबेशी निर्वाचन प्रणाली हुनु पर्ने। यसमा पिछडावर्ग( इद्यत्र्र) थप्नु पर्ने र बन्द सूचिका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था संघीय कानून बमोजिम हुनु पर्ने। पिछडिएको क्षेत्र(कर्णाली अंचल) लाई दिईरहेको आरक्षण बन्द गर्नु पर्ने वा हटाउनु पर्ने किनकि यो दोहोरिएको छ।

(६) भाग-२७ अन्य आयोगहरुमा पिछडावर्ग(इद्यत्र्र) आयोग थप गर्नु पर्ने र पिछडावर्ग(इद्यत्र्र) जातजाति सूचिकृत गर्नु पर्ने।

(७) भाग २७ को धारा २५२ राष्ट्रिय महिला आयोगमा (१) पिछडावर्ग(इद्यत्र्र) महिला, (२) दलित महिला, (३) आदिवासी जनजाति महिला,

(४) खस आर्य महिला (५) अल्पसंख्यक महिला (६) थारु महिला (७) मुस्लिम महिला थप गर्नु पर्ने।

(८) भाग २८ घारा २६८ को शसस्त्र प्रहरी बल, जनपथ प्रहरी बल र राष्ट्रिय अनुसन्धान संगठनमा पिछडावर्ग( इद्यत्र्र)को समानुपातिक समावेशी अनिवार्य रुपमा कायम हुनु पर्ने।

(९) भाग ४ को घारा ५५ र भाग १३ को १७४ को उपघारा (२) खारेज गर्नु पर्ने। अथवा कुनै पनि अदालतमा प्रश्न उठाउन नसकिने प्रावधान संबिधानमा उल्लेख भएकोले खारेज हुनु पर्ने। भाग ८ को घारा १०५ प्रति गहन छलफल गर्नु पर्ने

(१०) भाग २९ घारा २६९ को उप घारा ४(ग) मा "दलको विभिन्न तहका कार्यकारिणी समितिमा नेपालको विविधतालाई प्रतिबिम्बित गर्ने गरी समावेशी प्रतिनिधित्वको व्यवस्था गरिएको " मा समाबेशीको अगाडी समानुपातिक हुनु पर्ने।

(११) भाग ७ घारा ७६ को उप घारा ९मा "समानुपातिक समाबेशी सिद्धान्त " को आधारमा प्रधानमन्त्री सहित बढीमा २५ जना मन्त्री सहित नियुक्त हुनु पर्ने।

(१२) भाग ४ घारा ५१(ञ) को उपघारा ८र१० बिचको असमान बिभेद र भिन्नता हटाई एकरुपता वा समान तरिकाले ब्याख्या गर्नु पर्ने।

(१३) भाग ५ को घारा ५६ को उपघारा (६) मा समानुपातिक थपेर समानुपातिक समाबेशी बनाउनु पर्ने।

(१४) भाग ६ घारा ७० मा राष्ट्रपति र उपराष्ट्रपतिको नियुक्तीमा लिङ्ग र समुदाय अनिवार्य रुपमा फरक फरक हुनु पर्ने।

(१५) भाग ३२को घारा २८२, २८३, २८४ आदीमा समानुपातिक थपी "समानुपातिक समाबेशी सिद्धान्त"उल्लेख गर्नु पर्ने।

(१६) "समानुपातिक समाबेशी सिद्धान्त" भन्नाले पिछडावर्ग(इद्यत्र्र), दलित, आदीवासी जनजाति, थारु, खस आर्य, मुस्लिम र अल्पसंख्यक लाई मात्र सम्झनु पर्ने भनी संबिधानमा नै परिभाषा गर्नु पर्ने। यसवाट कुनै पनि जातीले दोहोरो फाईदा लिन सक्दैन्।

(१७) शहिद परिवारलाई निः शुल्क शिक्षा र एक जना परिवारको सदस्यलाई रोजगारको सुनिश्चिता हुनु पर्ने।

(१८) पिछडावर्ग(इद्यत्र्र) को २५ प्रतिशत आरक्षण सबै निकायमा स्पष्ट रुपमा संबिधानमा उल्लेख गर्नु पर्ने।

(१९) निर्वाचन क्षेत्रको पुनरावलोकन राष्ट्रिय जनगणनाको आधारमा प्रत्येक १० बर्षमा नै हुनु पर्ने।

(२०) प्रस्तावनामा पहिचान, समानता,आत्मनिर्णयको अधिकार,वाक् स्वतन्त्रता ,पिछडावर्गको आन्दोलन समावेश गर्नु पर्ने।

(२१) जल, जमिन, जंगलमा पनि पिछडावर्गको स्वामित्व कायम गराउनु पर्ने।

(२२) राष्ट्रिय सभा, प्रतिनिधि सभा तथा प्रदेश सभामा पहिचान र समान जनसंख्याको अधारमा सदस्य संख्याकोप्रतिनिधित्व हुनु पर्ने।

(२३) न पा, उ.म.न.पा, म.न.पा. निर्माण गर्ने मापदण्ड भए जस्तै जिल्ला र प्रदेश निर्माण हुने किसिमको मापदण्ड निर्माण गर्नु पर्ने। जनसंख्याको आधारमा निवार्चन क्षेत्र बनाउनको लागि जिल्ला जिल्लालाई जोडी समान जनसंख्याको अधारमा नया जिल्ला वनाउनु पर्ने।

(२४) भाग २ घारा १० ,११, १२ मा नेपाली नागरिकको परिभाषा गरी नेपालको नागरिकता प्राप्त गर्ने मापदण्ड बनाउनु पर्ने।

(२५) प्रत्येक राजनैतिक दलले केन्द्र देखि ईकाइ कमिटि सम्म समानुपातिक समाबेशीको अधारमा कार्य समिति निर्माण गर्नु पर्ने। राजनैतिक दलहरुले आपनो पार्टीमा समानुपातिक समाबेशी नअपनाउने तर अरुलाई भन्ने प्रथा उचित होईन्।

आरक्षणको तरिका :

संवैधानीक वर्गीय आयोगहरु निर्माण गर्नु पर्ने :–

१) पिछडावर्ग ९इद्यत्र्र० आयोग/समुदाय............................३८

जातहरु

कुशवाहा, कुर्मी, कुम्हार, कहार, कमार, केवट, कानु, कलवार, तेली, नुनिया, बनिया, भेडिहर, माली, मल्लाह, बरैई, यादव, राजभर, राजधोव, रोनियार, लहेरा, लोध, सुडी, सैनी, सोनार, हलुवाई, हजाम, अमात, केवट, वर्णवाल, विन, बेलदार, बोट, बडै, कालाबाज, लखेरा, लहेरी, ठठेरी, कथबनिया, बढई आदी।

२) दलित आयोग/समुदाय ..............................................२२

जातहरु

गन्धर्व, परियार, वादी, विश्वकर्मा, सार्की, कलर, ककैहिया, कोरी, खटिक, खत्वे, चमार, चिडिमार, डोम,तत्म, दुसाध, धोवी, पथरकट्टा,पासी, बाँतर, मुसहर, मेस्तर, सरभङ्ग, ।

३) आदिवासी जनजाती आयोग./समुदाय ............................५८

जातहरु

किसान, कुशवण्डा, चेपाङ्ग, जिरेल, ताङवे, तीन गाँउले थकाली, थामी, दनुवार, धानुक, पहाडी, बरामो, भुजेल, राझी, मेचे, राउटे, लार्के, ल्होपा, कुमाल, गनगाई, छन्त्याल, झांगड, ताजपुरीया, तोप्केगोला, दराई, धिमाल, फ्री, बाह्र गाँउले, भोटे, मार्फाली थकाली, याक्खा, राजवंशी(कोच), लिम्वु, ल्होमी, कुशवाडीया, गुरुङ्ग, छैरोतन, डोल्पो ,तामाङ्ग, थकाली, थुदाम, दुरा,

वांकी ५ पेजमा...

## पिछडा वर्ग...

नेवार, वनकारिया, बोटे, मगर, मुगाली, राई, माझी, लेप्चा, वालुङ, व्यासी, सियार, हायू, शेर्पा, सुनुवार, ह्योल्मो, सतार, सुरेल ।

४) खस आर्य आयोग/समुदाय ...........५ जातहरु ( वाहुण, क्षेत्री, ठकुरी, दशनामी, सन्याशी)

५) अल्पसंख्यक आयोग / समुदाय ..........६ जातहरु ( व्राहमण, कायस्थ, राजपुत, भुमियार, मारवाडी, देव, पंजावी, सिख)

६) थारु आयोग/समुदाय ..................१ समुदाय

७) मुस्लिम आयोग/समुदाय ..............१ समुदाय

माथि उल्लेख गरिएका बिधि बमोजिम जातहरुलाई बिभाजन गर्ने हो भन्ने नेपाल सरकारको हरेक सेवा, सुविधा र निकायमा समान तरिकाले पहच पुग्छ । समानुपातिक समाबेशी सिद्धान्तको मापदण्डमा यसलाई प्रयोग उपयोग गरे समतामुलक समाजको निर्माण हुनेछ ।

प्रदेशको नामाकरण :

कुनै खास जातिको पहिचानको अधारमा निर्धारण गरेको प्रदेश द्धन्द्धात्मक हुने भएकोले हामीलाई एकल जातिय पहिचान होईन बहुपहिचान चाहिएको र त्यस भित्र सबै समुदायको पहिचान (भाषा, धर्म, पहिरन, सांस्कृतिक, क्षेत्र, जात) लाई संरक्षण र प्रर्बधन समान रुपमा कायम राख्नु पर्ने देखिन्छ । प्रदेशको नामांकन, सिमांकन र राजधानी एकै पटकमा निर्धारण गरेमा समस्याको समाधान तत्काल समाधान हुने निश्चित छ । अन्यथा पुर्वको जनताले पश्चिमको जनतालाई बिरोध गर्छ र बिभाजन हुन्छ । यसलाई गंभिरताको साथ लिनु पर्ने देखिन्छ ।

एक नेपाली जनताले अर्कोलाई बिरोध गर्नु दिगो राजनैतिक समाधानको बाटो होईन् । दुई मधेश प्रदेशमा पनि राजधानी र सिमांकनले पनि ठुल्लै समस्या ल्याउने भएकोले यसको समाधान अहिले नै गर्नु पर्ने देखिन्छ ।

मधेश र पहाड हिमालमा नेपाली जनताले कुनै किसिमको जातीय र एकात्मक प्रदेश, शासन, प्रशासन र प्रणाली अहिलेको राजनैतिक अवस्थामा उपयूक्त नहुने र स्वीकार गर्न नसक्ने भएकोले त्यस्तो प्रदेशलाई निरुत्साही गरी मधेशमा पनि बिकेन्द्रीकरणको नीति अपनाउन हार्दिक अपिल गर्दछौं ।

राष्ट्रिय अखण्डता र दिगो बिकास संस्थागत गर्नको लागी ह्मम्रा यी मधेशका महत्वपुर्ण मागहरु तत्काल संविधानमा समावेश गर्नको लागि यस महासंधले हार्दिक अपिल गर्दछ । साथै, सकारात्मक सोचको साथ हरेक राजनीतिक मुद्धा प्रति संवाद गर्न सबै राजनीतिक दललाई आग्रह गर्दै विनास होईन बिकासको भावनालाई आत्मसाथ गरेर अगाडी बढन समेत हार्दिक आग्रह गर्दछौं । चिन, भारत र नेपाल बिचको एतिहासिक, सांस्कृतिक, भौगोलिक, धार्मिक, राजनैतिक र भाषिक सम्बन्धलाई मजबुत बनाउदै प्रादेशिक सिमांकन, नामांकन र प्रादेशिक राजधानी कायम गर्नु र यस कार्यमा चिन र भारतको मित्रतावत् सहयोगको अपक्षा गर्दछौं । माथि उल्लेख गरिएको प्रदेशले प्राचिनकाल वा युगौं युग देखीको राजनैतिक, सांस्कृतिक र सामाजिक सम्बन्ध बिस्तार हुने देखिन्छ ।

तराई मधेशको एतिहासिक भौगोलिक विभाजन : स्पष्टीकरण:–

| सि.न. | ईस्वी १८औं–१९औं शताव्दीको मधेशका राज्य/क्षेत्र | वर्तमानको जिल्ला बिवरण |
|---|---|---|
| १ | मोरंग/बिजयपुर | झापा, मोरंग, सुनसरी |
| २ | अम्बरपुर/चौदण्डी | सप्तरी,सिरहा,उदयपुर |
| ३ | बारागढी/मकवानपुरगढी | धनुषा,महोत्तरी,सर्लाही,सिन्धुली |
| ४ | बुटबल/पाल्पा | कपिलबस्तु, रुपन्देही, नवलपरासी |
| ५ | दांग–देउखुरी | दांग |
| ६ | अबध क्षेत्र | बाँके, बर्दिया, कैलाली, कंचनपुर |

(१) मोरंग/ बिजयपुर राज्यमा कोशी नदीको पुर्व बर्तमान जिल्लाहरु झापा, मोरंग, सुनसरीका सबै भागहरु पर्थ्यो । (२) अम्बरपुर/चौदण्डी राज्यमा कोशी नदीको पश्चिम र कमला नदीको पुर्वका जिल्लाहरु सप्तरी,सिरहा,उदयपुर का सबै भागहरु पर्थ्यो ।

(३) बारागढी/मकवानपुरगढी राज्यमा कमला नदी भन्दा पश्चिम र चितवन जिल्लाका सबै भागहरु सहित पर्थ्यो । (४) बुटबल/पाल्पा राज्यमा बुटबल लगायत माझखण्ड( भैरहवा), पाल्ही(पराही), खजहनी( तौलिहवा) र स्युराज(बहादुरगंज) का सबै क्षेत्रहरु पर्थ्यो । वर्तमानमा कपिलबस्तु, रुपन्देही, नवलपरासी भनेर चिनिन्छ । (५) अबध क्षेत्र राज्यमा बर्तमानको बांके, बर्दिया, कैलाली, कंचनपुर जिल्लाहरु पर्थ्यो । जुन क्षेत्र सन् १८६० मा ब्रिटिश सरकार/अंग्रेजले नेपालको राजालाई उपहार स्वरुप दिएको हो ।

संबिधान सभामा पिछडावर्गलाई समावेश नगरेको प्रमाण विभेदको तालिका :

दोस्रो संविधान सभा सदस्य निर्वाचन अध्यादेश २०७० ( अनुसुचि १)

| क.स. | प्रतिनिधित्व हुने समुह | उम्मेदवार |
|---|---|---|
| | महिला | ५० प्रतिशत |
| १ | मधेसी | महिला १५.६ प्रतिशत |
| | | पुरुष १५.६ ,, |
| २ | दलित | महिला ६.५ ,, |
| | | पुरुष ६.५ ,, |
| ३ | जनजाती | महिला १८.९ ,, |
| | | पुरुष १८.९ ,, |
| ४ | पिछडिएको क्षेत्र | महिला २ ५ ,, |
| | | पुरुष २ ,, |
| ५ | खस आर्य | महिला १५.१ ,, |
| | | पुरुष १५.१ ,, |

द्रष्टव्य:(१)पिछडिएको क्षेत्र भन्नाले अछाम, कालकिोट, जाजरकोट, जुम्ला, डोलपा, बझाङ्ग बाजुरा, मुगु र हुम्ला जिल्लालाई सम्झनु पर्छ ।

(२)खस आर्य तथा अन्य भन्नाले ब्राम्हण, क्षत्री, ठाकुरी, दशनामी, सन्यासी तथा यस अनुसुचि १मा स्पष्ट उललेख नभएका अन्य समुहहरुलाई सम्झनु पर्छ ।

नोट:– यस अनुसुचि १ मा मधेशीको मापदण्ड किन तोकिएन रु

(१) किन मधेशी भित्रका जातहरुको नाम उल्लेख भएन रु मधेशी लाई किन परिभाषित गरेन रु (२) किन मधेशी कोटामा सवैलाई समावेश गर्न खोजियो रु (दफा ७ मा संबिधान सभा अध्ययादेश २०७०) (३) कुनै जातिले दुई वा तीन वर्गबाट प्रतिनिधीत्व गर्ने र कुनै जातिले एक वर्गबाट पनि प्रतिनिधीत्व हुन नसक्ने कस्तो मापदण्ड हो ?

स्पष्टीकरण : कतिपय उम्मेदवारले एकभन्दा बढी समुहको प्रतिनिधित्व गर्ने भएको हुदा सबै समुहको उम्मेदवार प्रतिशतको जोड सय भन्दा बढी प्रतिशत देखिन

आएकोछ । समानुपातिक समावेशी सिद्धान्तको आधारमा सवै वर्गको पुरुष र महिलालाई

जनसंख्याको आधारमा अनुसुची १ मा राखिएको छ भने महिलालाई छुट्टै आरक्षण किन दिने ? महिलालाई दिइएको कोटा/ आरक्षण हटाउनु जरुरी

छ कि छैन् ? महिलाको आरक्षण बैज्ञानिक हो त ?

निजामति कर्मचारीमा प्रतिनिधित्व हुने व्यवस्था :

१) खुल्लातर्फ--------- ५५%

२) समावेशितर्फ--------४५%

समाबेशी तर्फलाई बिभाजन गरिएको असमान बिभेदको झलक

४५% लाई १००% बनाई तपसिल अनुसार वर्गिकरण गरि समावेशि गरिन्छ । क) महिला-----३३% ख) जनजाती----२७% ग) दलित--९% घ) मधेशी--२२% ङ) अपाङ-----५% च) पिछिडिएको क्षेत्रमा.....४% मधेशीको आरक्षण २२ प्रतिशत ले समग्रमा जम्मा कुलको लगभग ९ प्रतिशत मात्र हो । यसले मधेश र मधेशी जनसंख्याको ठिक बिपरित छ । यसले पिछडावर्गलाई अगाडी बढनवाट रोकेको छ । तसर्थ, मधेशी नामको आरक्षण नै हटाउनु पर्छ ।

लोकसेवाको टेवल :

| क.स. | प्रतिनिधित्व हुने समुह | अहिलेको आरक्षण | वस्ताविकत आरक्षण |
|---|---|---|---|
| १ | महिला | ३३ प्रतिशत | १५ प्रतिशत |
| २ | आदीवासी जनजाती | २७ ,, | १२ ,, |
| ३ | दलित | ९ ,, | ४ ,, |
| ४ | मधेशी | २२ ,, | १० ,, |
| ५ | अपांग | ५ ,, | २ ,, |
| ६ | पिछडिएको क्षेत्र | ४ ,, | २ ,, |
| ७ | जम्मा | १०० ,, | ४५ ,, |

आरक्षण

अनुसुचि १ मा उल्लेख गरेको समानुपातिक समाबेसीको कारण आज मधेशी दललाई आन्दोलन गर्नु परेको हो । यस्तो मापदण्डलाई हटाएर अर्को मापदण्ड निर्माण गर्नु पर्ने देखिन्छ । जुन माथि उल्लेख गरिएको छ ।

नोट : मधेसमा कुन- कुन जिल्लाको कहाँ कहाँ सम्मको दुरीलाई मधेश भन्ने विषय अध्यादेशमा उल्लेख नभएको साथै कुन कुन जाति उल्लेख नभएको । नोट:– यस अनुसुचि १ मा मधेशीको मापदण्ड किन तोकिएन रु (१) किन मधेशी भित्रका जातहरुको नाम उल्लेख भएन रु मधेशी लाई किन परिभाषित गरेन रु (२) किन मधेशी कोटामा सवैलाई समावेश गर्न खोजियो रु (दफा ७ मा संबिधान सभा अध्यादेश २०७०) (३) कुनै जातिले दुई वा तीन वर्गबाट प्रतिनिधीत्व गर्ने र कुनै जातिले एक वर्गबाट पनि प्रतिनिधीत्व हुन नसक्ने कस्तो मापदण्ड हो ? समानुपातिक समावेशी सिद्धान्तको आधारमा सवै वर्गको पुरुष र महिलालाई जनसंख्याको आधारमा अनुसुची १ मा राखिएको छ भने महिलालाई छुट्टै आरक्षण किन दिने ? महिलालाई दिइएको कोटा/ आरक्षण हटाउनु जरुरी छ कि छैन् ? महिलाको आरक्षण बैज्ञानिक हो त ?

निजामति कर्मचारीमा प्रतिनिधित्व हुने व्यवस्था : १) खुल्ला तर्फ......५५% २) समावेसिता तर्फ........४५%

समाबेशी तर्फलाई बिभाजन गरिएको असमान बिभेदको झलक (चरम अबस्थामा बिभेद)

४५% लाई १००% बनाई तपसिल अनुसार वर्गिकरण गरि समावेशि गरिन्छ । क) महिला-----३३% ख) जनजाती----२७% ग) दलित--९% घ) मधेशी--२२% ङ) अपाङ-----५% च) पिछडिएको क्षेत्रमा.....४% मधेशीको आरक्षण २२रु ले समग्रमा जम्मा कुलको लगभग ९ रु मात्र हो । यसले मधेश र मधेशी जनसंख्याको ठिक बिपरित छ । यसले पिछडावर्गलाई अगाडी बढनवाट रोकेको छ । तसर्थ, मधेशी नामको आरक्षण नै हटाउनु पर्छ ।

नोट :–समानुपातिक समाबेसी भन्नाले १) पिछडावर्ग ९इद्यत्रृ० २) दलित ३) आदिवासी जनजाती ४) खस आर्य ५) अल्पसंख्यक (६) थारु ७) मुस्लिमलाई मात्र आरक्षण कोटामा लिनु पर्ने हो । राष्ट्रिय महिला आयोगमा १) पिछडावर्ग ९इद्यत्रृ० महिला २) दलित महिला ३) आदिवासी जनजाती महिला ४) खस आर्य महिला ५) अल्पसंख्यक महिला (६) थारु महिला ७) मुस्लिम महिलालाई जनसंख्याको आधारमा समाबेश गर्नु पर्ने देखिन्छ । अनि मात्र सबै जातको समान पहिचान सहितको प्रतिनिधित्व हुने देखिन्छ जुन बैज्ञानिक सम्बत हुन्छ ।

नोट : मधेसमा कुन- कुन जिल्लाको कहाँ कहाँ सम्मको दुरीलाई मधेश भन्ने विषय अध्यादेशमा उल्लेख नभएको साथै कुन कुन जाति उल्लेख नभएको । हो । यसले मधेश र मधेशी जनसंख्याको ठिक बिपरित छ । यसले पिछडावर्गलाई अगाडी बढनवाट रोकेको छ । तसर्थ, मधेशी नामको आरक्षण नै हटाउनु पर्छ ।

सांस्कृतिक ग्रामथानको लागि सुझावहरु :

१) पिछडावर्ग सांस्कृतिक ग्रामथानको महल छुटै हुनु पर्ने ।

२) प्रदेश नं. १ मा बसोवास गरेको जातीहरुको भाषा, भेष भुषाको सुचि सहितको तथ्यांक हुनु पर्ने ।

३) प्रदेश नं. १ को पिछडावर्ग( इद्यत्रृ) को कला, सांसकृतिकको सुचिका साथै सम्पुर्ण चाँडपर्वहरुको अभिलेख सांस्कृतिक ग्रामथानको छुटै् अभिलेखमा उल्लेख गर्नु पर्ने ।

४) देशमा भएको बिभिन्न आन्दोलनहरु : पिछडावर्ग आन्दोलन, दलित आन्दोलन, जनजाती आन्दोलनको झाँकी र चित्र राख्नु पर्ने ।

५) पिछडावर्ग सांस्कृतिक ग्रामथान, दलित सांस्कृतिक ग्रामथान, जनजाती सांस्कतिक ग्रामथान आदी सबैको समूह/वर्गको आधारमा छुट्टा छुटै हुनु पर्ने ।

६) मधेश आन्दोलन लगायत सबै आन्दोलनका साहदत्त प्राप्त सहिदहरुको सालिक राख्नु पर्ने ।

७) महामानव वि.पि. कोईराला, जननेता क. मदन भण्डारी, जननायक गजेन्द्र नारायण सिंह र लोकतन्त्रको नायक रामराजा प्रसाद सिंह जस्ता महान आत्माहरुको सालिक राष्ट्र गौरवको रुपमा स्थापना गर्नु पर्ने ।

८) बिभिन्न जातीहरुको प्राचिन ईतिहासलाई समेटेर पुस्तक प्रकाशन गर्नु पर्ने ।

९) नेपालको भुगोलमा रहेको राजनैतिक धरोहरहरु बिराट दरवार, धनपाल दरवार, बिजयपुर दरवार जस्ता अन्य दरवारको अध्ययन गरी पर्यटक स्थलको रुपमा बिकास गर्नु पर्ने ।

१०) भाषा तथा लिपिहरुको छुटेटै अभिलेख राख्नु पर्ने ।

११) शहिदहरुको जीवनीलाई समेटेर पुस्तक प्रकाशन गर्नु पर्ने ।

१२) मगही भाषा तराई मधेशको बहुसंख्यक समुदायले वोल्ने भाषा भएकोले मगही भाषा लगायत अन्य स्थानिय भाषाको ईतिहास सम्बन्धी लेख रचना तयार गर्ने ।

१३) स्कुल देखी क्याम्पस सम्म सामाजिक किताबको पाठ्यक्रममा हाम्रो देशको भौगोलिक राजनैतिक धार्मिक एतिहासिक पृष्ठभुमिलाई ईतिहास र समाजिक सभ्यतालाई जोडेर समावेश गर्नु पर्ने ।

१४) सांस्कृतिक ग्रामथानमा पिछडावर्गको तर्फवाट पनि कम्तिमा २ जनालाई समावेश गरी समावेशी समिति वनाउनु पर्ने।

१५) स्थानिय लोकगीत, नाच, नाटकको संरक्षण गर्ने । स्थानिय भाषाहरुको साहित्यलाई लिपिबद्ध गर्ने ।

१६) स्थानिय स्तरको समाजशास्त्र निर्माण गर्ने ।

१७) राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा भाषा तथा सांस्कृतिक पहिचान कायम गर्न विभिन्न भेषभुषा, पेशाा, धर्म, खानपान, संस्कार, कला कौशल आदिको सम्बंर्दन र प्रर्वदन गर्ने गराउने ।

१८) योगालय र आयूर्वेदको बारेमा अध्ययन र व्यवहारिक रुपमा कार्यन्वयण गर्ने ।

१९) त्यसको लागि बिभिन्न शैक्षिक विश्वबिद्लयसंग समन्वय गर्ने ।

२०) बिभिन्न किसिमको पुस्तकहरुको व्यवस्था गरी पुस्तकालयको व्यवस्था गर्ने ।


## कोरोना (C0VID–19) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाईरस ?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के-के हुन सक्छन्**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रो हुनु ।

**3. यसबाट बच्न के-के गर्ने ?**

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

सुनबर्सी नगरपालिका मोरंग प्रदेश नं. १




# विप्लव समूहको सेक्सन कमाण्डर पक्राउ

मोरङ, । मोरङको उर्लावारी नगरपालिका वडा नं.६ बाट अबैध हातहतियार र गोली गट्ठा सहित विप्लव समूहका सेक्सन कमाण्डर पक्राउ परेका छन् ।



उक्त स्थानमा केही ब्यक्तिहरु हातहतियार सहित लुकिछिपी बसिरहेको भन्ने बिशेष सूचनाका आधारमा शनिवार ईलाका प्रहरी कार्यालय उर्लावारीबाट खटिएको प्रहरी टोलीले फक्ताङलुङ गाउँपालिका वडा नं. २ ताप्लेजुङका ३२ बर्षीय पेम्बा साङगे शेर्पालाई पक्राउ गरेको हो ।

शेर्पाको साथबाट अटो पेस्तोल यूएस लेखिएको पेस्तोल १ थान, उक्त पेस्तोलको गोली ३ राउण्ड, म्यागजिन १ थान, बिभिन्न किसिमका कागजपत्र, ३ वटा मोवायल, व्याग ८ थान र ज्याकेट १८ थान बरामद भएको थियो ।

हातहतियार र बिभिन्न दस्तावेज सहित पक्राउ परेका शेर्पा नेपाल कम्युनिष्ट पार्टी विप्लव समुहका सेक्सन कमाण्डर रहेको खुलन आएको तथा हाहतियार खरखजना मुद्दामा आवश्यक अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

# एक राउण्ड हवाई फाईर

मोरङ । मोरङको बिराटनगर महानगरपालिका वडा नं. १७ मटेरुवाबाट १ सय ८ थान छालाको वेल्ट सहित तस्करी कार्यमा संलग्न १ महिला पक्राउ गरेपछि प्रहरी माथि हुलहुज्जत हुन थालेपछि प्रहरीद्धारा एक राउण्ड हवाई फायर गरिएको थिया ।

घटनाको विवरण अनुसार केही ब्यक्तिहरुले भारतिय बजारबाट अबैध रुपमा समान भित्र्याउन लागेको भन्ने सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले अरबिना खातुनलाई छालाको बेल्ट सहित पक्राउ गरेको थियो ।

उक्त स्थानमा अन्य मानिसहरु समेत रहेको र समान नियन्त्रणमा लिने क्रममा प्रहरी माथी आक्रमण गरी हुल हुज्जत गरेकोमा १ राउण्ड हवाई फायर गरी स्थितिलाई नियन्त्रणमा लिईएको थियो ।

पक्राउ परेकी महिलाको सम्बन्धमा थप अनुसन्धान भईरहेको तथा घटनामा संग्लग्न अन्य मानिसहरुको खोजतलास भईरहेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

# टोटा बन्दुक सहित एक पक्राउ

मोरङ, मंसीर ९ गते । मोरङ मिक्लाजुङ गाउँपालिका वडा नं.१ सिलिलिङ बस्ने ५८ बर्षीय अरुण भन्ने अमृत बहादुर श्रेष्ठ हतियार सहित पक्राउ परेका छन ।

जिल्ला प्रहरी कार्यालय मोरङबाट गस्तिमा खटिएको प्रहरी टोलीले श्रेष्ठलाई पक्राउ गरेको हो ।

श्रेष्ठले आफ्नै घरमा हतियार लुकाई छिपाई राखेको भन्ने विशेष सुराकका आधारमा खटिएको प्रहरी टोलीले उनको घरमा खानतलासी गर्दा टोटा बन्दुक १ थान, खोका ३ थान र ५०० ग्राम बारुद समेत फेला पारी बरामद गरेको हो ।

त्यसरी हतियार सहित पक्राउ परेका श्रेष्ठ उपर हातहतियार खरखजना मुद्दामा कानुनी कारबाही अगाडी बढाईएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

# संसदीय दलको नेता राजेन्द्र महतोलाई दिनै पर्छ

संतोष मेहता

जनता समाजवादी पार्टी नेपालको केन्द्रीय समिति निकै ठूलो भयो । तर, केही दिन पहिला मात्रै दुई पार्टीबीच एकीकरण भएको हुनाले र संक्रमणकालीन अवस्थामा पार्टीका लागि यो वाध्यता छ । महाधिवेशनबाट यसको टुंगो लाग्छ । महाधिवेशनपश्चात् जसपाको ठूलो केन्द्रीय समिति रहँदैन ।

केन्द्रीय समिति भएपछि विधानबमोजिम बखत(बखतमा बैठक गर्नैपर्छ । यसभन्दा पहिला पनि राजपाको झण्डै साढे आठ सय सदस्यीय केन्द्रीय समिति थियो, त्यसको तीन/चार पटक बैठक भएकै हो । धेरै दिनसम्म यही केन्द्रीय समिति रहँदैन, अहिले संक्रमणकालीन अवस्था हो, त्यसैले बाध्यावस ठूलो बनेको हो । महाधिवेशनपछि यसको टुंगो लाग्छ । यही बीचमा अब राजनीतिक समिति पनि निर्माण हुन्छ । राजनीतिक समितिको बैठकबाट नै सबै कुरा टुंगो लाग्छ । केन्द्रीय समितिको बैठक वर्षमा कम्ती दुई पटक बस्छ । त्यसका लागि व्यवस्थापन पनि मिलाइन्छ ।

अहिले पनि कोरोनाको कहर कम भएको छैन, दिनप्रति दिन बढ्दै गएको छ । बैठक बस्नका लागि धेरै उपायहरु छन् । लामो केन्द्रीय समिति छ भनेर दुई तीन चरणमा पनि बैठक गर्न सकिन्छ अथवा डिजिटल बैठकहरु पनि गर्न सकिन्छ । अहिले प्रविधिको युग छ, विभिन्न माध्यमहरु आइरहेका छन् । अथवा एकै ठाउँमा पनि दूरी कायम गरेर पनि बैठक बस्न सकिन्छ ।

महाधिवेशनको बारेमा केन्द्रीय कार्यकारिणी समितिको बैठकमा छलफल हुनुपर्ने आवश्यकता नै थिएन । किनभने अहिले नै महाधिवेशन गरिहाल्नुपर्छ भन्ने बेला पनि होइन । अहिलेसम्म जसपा वडादेखि केन्द्रसम्म समायोजन नै पूरा भएको छैन । तलदेखि माथिसम्म समायोजन नभइकन महाअधिवेशनमा जान सकिदैन । त्यसकारणले पहिले समायोजन प्रक्रिया सम्पन्न हुनुपर्छ । समायोजनका लागि केन्द्रीय कार्यकारिणी समितिले कार्यदलहरु बनाएको छ । ती कार्यदलहरुले आआफ्नो काम मंसिर मसान्तसम्म पूरा गर्ने समयसीमा पनि तोकिएको छ । कार्यदलले आआफ्नो काम सम्पन्न गरिसकेपछि केन्द्रीय कार्यकारिणी समितिको बैठकबाट एउटा निर्णय हुन्छ ।

विगतमा तत्कालीन राजपा र समाजवादीले महाधिवेशन गर्न सकेको थिएन । महाधिवेशन दलको नियमित प्रक्रिया हो । पाँच वर्षभित्र दलको महाधिवेशन गर्नैपर्छ । विगतमा राजपाले एक वर्षभित्र समायोजन प्रक्रिया पूरा गरेर महाधिवेशन गर्ने उद्देश्य थियो । तर त्यहीं अवधिमा विभिन्न कारणहरुले गर्दा महाधिवेशनको प्रक्रिया पूरा हुन सकेन । राजपा गठन भयो तर भ्रातृ संगठनहरु महाधिवेशनबाट टुंगो लगाउने एउटा सहमति थियो । तर जसपामा त्यो अवस्था छैन । जसपाले एक वर्षभित्र समायोजन प्रक्रिया पूरा गर्ने हो, अर्को वर्षमा पार्टी सुदृढीकरण, संगठन निर्माण, पार्टी प्रवेश प्रक्रियालाई जोड दिने हो । त्यसपछि तेस्रो वर्षमा महाधिवेशनमा होमिने हो । यो प्रक्रियाबाट जसपा अगाडि बढ्छ ।

निश्चितरुपमा ६ महिना भित्र समायोजन प्रक्रिया टुंगो लाग्छ । मंसिरसम्म जिल्लास्तर को टुंगो लाग्छ । त्यसपछि पालिका र वडास्तरसम्म समायोजन पूरा हुन्छ र भ्रातृ संगठन पनि टुंगो लगाउन ुपर्छ । त्यसकारणले एक वर्षभित्र समायोजनका सम्पूर्ण प्रक्रिया टुंगो लाग्छ भन्ने लक्ष्य लिएको छ ।

केन्द्रीय कार्यकारिणी समितिले संसदीय दलको नेता टुंगो लगाउन सक्दैन, त्यो निर्णय गर्ने भनेको संसदीय दलले नै हो । अहिले दुवै दलको संसदीय दल छुट्टाछुट्टै छ । अब संसदीय दलको एकीकरण गर्नुपर्छ, त्यसका निम्ति छुट्टै संसदीय दलको विधान आवश्यक छ । त्यो विधान अब बन्छ । त्यो विधानको बारेमा कार्यदल बनाउने निर्णय भएको छ । विधान बनाइसकेपछि संसदीय दलको बैठक बस्छ र संसदीय दलले टुंगो लगाउँछ । संसदीय दलको नेता राजेन्द्र महतोलाई बनाउने सहमति भएको हो भन्ने कुरा सत्य हो । राजेन्द्र महतोजीले संसदीय दलको नेतृत्व गर्नुहुन्छ भन्ने कुरा आन्तरिक सहमति भएकै हो । त्यो सहमति वैधानिक तरिकाले कार्यान्वयन हुने हो ।

जुन आधारमा एकता गरिएको हो, यदि एकताको पक्षमा सबै जना उभ्ने हो भने संसदीय दलको नेता राजेन्द्र महतोलाई दिने अलिखित सहमति कार्यान्वयन गर्नैपर्छ । मलाई लाग्छ यो अलिखित सहमति कार्यान्वयन हुन्छ । किनभने सबै जना एकताकै पक्षमा छन् । सहमति कार्यान्वयन पनि हुनुपर्छ । त्यो सहमतिमा यदि जालझेल भयो भने एकताप्रति शंकाहरु उब्जाउँछन् ।

संघीय परिषद्को अध्यक्ष डा.बाबुराम भट्टराई हुनुभएको छ । बिना नम्बरको नेता डा.बाबुराम भट्टराई हुनुहुन्छ त्यसपछि एक नम्बर सुरु हुन्छ । उहाँलाई मर्यादाक्रमभन्दा बाहिर राखिएको हो । मर्यादाक्रम त महन्थ ठाकुरबाट नै सुरु भएको हो । एक नम्बरमा महन्थ ठाकुर, दोस्रो नम्बरमा उपेन्द्र यादव, तीन नम्बरमा अशोक राई र चार नम्बरमा राजेन्द्र महतो हुनुहुन्छ । डा.बाबुराम भट्टराईलाई सर्वमान्य नेताको रुपमा पनि भन्न सकिन्छ । तर, त्यो पद हामीले भनेका छैनौं । हामीले त संघीय परिषद्को अध्यक्ष भनेका छौं ।

भारत सरकारको गृह मन्त्रालयअन्तर्गत अनुसन्धान र गुप्तचर संस्था 'रअ'का प्रमुख हुन् सामन्त कुमार गोयल । रअले विश्वरभरि नै भारतको हितका विषयमा अनुसन्धान गर्ने उद्देश्य रहेको छ । त्यो उद्देश्यका साथ गोयलले प्रधानमन्त्री लगायत विभिन्न राजनीतिक व्यक्तित्वहरुसँग भेट गर्नुभएको होला । दुई देशबीचको सम्बन्धलाई थप सुदृढीकरण गर्ने विषयमा रअ प्रमुख गोयलले भेटघाट गर्नुभएको होला । हामीले बाहिरबाट हेर्दा विगत केही दिनदेखि दुई देशबीचको सम्बन्धमा रहेको तिक्ततालाई मेटाउने प्रयासलाई यो भ्रमणलाई लिन सक्छौं ।

यो त त्यो संस्थाको उद्देश्य नै हो । संसारमै भारतलाई कसरी सुरक्षित राख्ने, भारतको हितमा कसरी काम गर्ने, भारतको अहित हुने काम कहीं कतैबाट हुन नदिने रअको उद्देश्य नै हो ।

यस विषयमा धेरै टीकाटिप्पणी गर्नुभन्दा पनि हामीले सामान्य रुपमा बुझ्नुपर्छ कि नेपालमा कुनै राजनीतिक घटना हुँदा त्यसमा भारतको हात छ भन्ने एक खालको मानसिकता छ । यो एउटा पुरानो रोग हो । त्यसमा पनि रअको प्रमुख नै नेपाल आएर प्रधानमन्त्रीलाई भेट्दा अलि बढी नै हल्लीखल्ली हुनु स्वाभाविक नै हो ।

उहाँहरुको भेटघाटमा के कस्तो कुराकानी भएको हो भन्ने कुरा अहिलेसम्म सार्वजनिक भएको छैन । त्यसकारणले दुई देशबीचको सम्बन्ध सुधारका विषयमा के(के कुराकानी भयो भन्ने कुरा भन्न सकिन्न । तर, सम्बन्धमा जुन तिक्तता आएको थियो, त्यसमा पक्कै पनि सुधार भएको हुनुपर्छ । (मधेश दर्पण फिचर सेवा)







## सूचना सूचना सूचना

सड्क क्षेत्रको दायाँ बायाँ रहेका रुख काट्नु सार्वजनिक अपराध हो । यसरी रुखहरु काटिएको पाईएमा नियम कानून बमोजिम कार वाही हुने व्यहोरा जानकारी गराउँद छौ । सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्वर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं ।

**सडक डिभिजन विराटनगर, प्रदेश नं. १**



## कोरोना (C0VID–19) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाईरस ?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन्**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

**3. यसबाट बच्न के–के गर्ने ?**

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

**रतुवामाई नगरपालिका मोरंग प्रदेश नं. १**



## विराटनगर महानगरपालिको अपिल

१. नोभेल कोरोना (कोभिड-१९) संक्रमण, नियन्त्रण र रोकथामको लागि यस महानगरपालिका क्षेत्र भित्र संचालनमा रहेको सवै पसल, उदोग तथा व्यवसायीहरुले सेवा लिन आउने आगन्तुकहरुका लागि साबुन पानी वा सेनिटाईजर ले हात धुने व्यवस्था मिलाउनु पर्ने ।
२. नोभेल कोरोना (कोभिड-१९) भाइरस विरुद्ध सामाजिक संघ संस्थाहरुले गरेको र गर्ने कामको बारेमा महानगरपालिकालाई जानकारी गराई नदोहोरीन र प्रगति अभिलेख एकद्धार प्रणालीको व्यवस्थपन कामा सहयोग गर्ने ।
३. महानगरपालिका अन्तर्गत संचालन हुने साप्ताहिक हाटबजारहरु अर्को सूचना नभएसम्म का लागि स्थगित (वन्द) गर्ने ।

**थप जानकारीको लागि ९८४२०२३६७९, ९८५२०३२८१८, ९८४४०९९३७०**

# तुलसी विवाह विधी र विशेषता



देवी त्वं निर्मिता पूर्वमर्चितासि मुनीश्वरैः ।

नमो नमस्ते तुलसी पापं हर हरिप्रिये ॥

कार्तिक शुल्क एकादशी अर्थात् हरिबोधनी, ठूलीएकादशी वा तुलसी विवाहको नामले प्रसिद्ध यस दिन विशेषगरी विष्णु भगवानको पूजन सहित तुलसी विवाहको उत्सव मनाइन्छ । सनातन धर्म अनुसार आषाढ शुल्क एकादशी देखि सुतेर भगवान् विष्णु चार महिनापछि आफ्नो निन्द्राबाट उठेको यस पवित्र दिनमा भगवान् विष्णुले सबैभन्दा पहिले तुलसीको प्रार्थना सुन्नुभएको र त्यसै प्रार्थनाका प्रभावले निन्द्राबाट उठ्नुभएको यसै दिन तुलसीको विवाह विष्णु भगवानसंग भएको थियो, शालिग्राम वा पिपलसंग तुलसीको विवाह भगवान् विष्णु र लक्ष्मीजीको विवाहको प्रतीकात्मक विवाह हो ।

यस दिन विहान सूर्योदयभन्दा पहिले उठेर स्नान गर्ने र विष्णु भगवानको पूजन सहित तुलसी विवाहगरी व्रत वस्ने परम्परा रहेको छ । तुलसी विवाहको लागि तुलसीको मठ या गमलामा गेरु वा रङ्ग आदिले रंगरोगनगरी सजाएर चारैतिरबाट ऊखु, साल, बाँस या नियालोलो मण्डप बनाएर त्यसमाथि फूल तथा कपडाले सजाएर तुलसीलाई वस्त्र तथा सौभाग्य लगाएर शृङ्गार गर्नु पर्दछ । दियो, कलश, गणेश सहित सबै देवी( देवताहरुको र श्री शालिग्रामको श्रद्धा एवं भक्ति पूर्वक पूजन गर्नु पर्दछ र आजकै दिनबाट नयाँ धान कुटेर चामलको न्वागी भगवानलाई अर्पणगरि प्रसाद स्वरूप न्वागी खाने प्रचलनपनि रहेको छ ।

पूजन गर्दा ॐ तुलसी दामोदराभ्यां नमः भन्दै पाद्य जल, अर्घ, आचमनी, दुध, दही, घ्यू, मह, चिनी तथा पञ्चामृतले स्नान गराउनु पर्दछ तत्पश्चात् शुद्ध जलले स्नानगराई तुलसी तथा शालिग्राममा आफ्नो गच्छे अनुसार श्रद्धा एवं भक्तिले चन्दन, रोली, सिन्दुर, टिका, वस्त्र, सौभाग्य चढाउनु पर्दछ र जौ, तिल, फूल, माला, सहित सम्पूर्ण उपचारले पूजा गर्दै धूप, दिप, नैवेद्य, ऋतुफल, कन्दमूल, पान, सुपारी आदि द्वारा गरिएको पूजाबाट मनोवाञ्छित फल प्राप्त हुने शास्त्रक्त कथन रहेको छ, त्यसपछि पहेंलो फूल हातमालिई प्रार्थना गर्दै पुष्पाञ्जली गर्नु पर्दछ र एउटा नारिवल, दक्षिणा सहित भगवान् शालिग्राम हातमा लिएर तुलसीजीको सात पटक परिक्रमा गर्नुपर्दछ तत्पश्चात् आरती गरी तुलसी विवाह उत्सव पूर्ण गरिन्छ र यसदिन विष्णुभगवानको भजन किर्तन गरी रातभरी जागराम बस्ने चलनपनि रहेकोछ । यसरी गरिएको पूजा एवं आराधनाबाट हामीलाई सुख, समृद्धि र सबै प्रकरको मनोकामना प्राप्ति हुने धार्मिक विश्वास रहेको छ । अस्तु ॥ ( प. नारायणप्रसाद दुलाल

## भन्सार छली गर्ने मानिस, डिजल र मोटरसाईकल नियन्त्रणमा

विराटनगर । विराटनगर महानगरपालिका वडा नं. ११ स्थित केशलिया नहर छेउबाट अवैध रुपमा भन्सार छलि गर्ने मानिस, डिजेल र मोटरसाइकल समेत प्रहरीले नियन्त्रणमा लिएको छ ।

जिल्ला सुनसरी हरीनगरा गाउँपालिका वाड न. ६ बस्ने वर्ष २५ को सत्रुधन साह, वर्ष ३० को नजाम खान र वर्ष ५० को अकवाल मियाँ समेतले ३ वटा मोटरसाईकलमा नेपालबाट भारततर्फ अवैध रुपमा भन्सार छली चोरी निकासी गरी लादै गरेको अवस्थामा प्रहरीले पक्राउ गरेको हो ।

प्लाष्टिकको गिलेनमा ४ सय ३० लिटर डिजललादैं गरेको अवस्थामा जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी गस्ती टोलीले मानिस सहित ३ वटा मोटरसाइकल र ३४ हजार ४ सय बरावरको डिजेल नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ ।

## अबैद्ध आलु लसुन र प्याज बरामद

विराटनगर, मंसिर १० गते । धनपालथान गाउँपालिका वडा नं. नयाँ टोलको एक गोठवाट अबैद्ध रुपमा भारतवाट भन्सार छली ल्याएका आलु, प्याज र लसुन प्रहरीले बरामद गरेको छ ।

सोही ठाउँ बस्ने सिताराम सिहंको घर छेउमा रहेको ग्वाली टहरामा भारत बाट नेपाल तर्फ अवैध रुपमा आलु, प्याज र लसुन ल्याई लुकाई छिपाई राखेको भन्ने सुचना आधारमा ईलाका प्रहरी कार्यालय रंगेलीबाट खटिएको प्रहरी टोलीले आलु २१ बोरा अर्थात (१ ह्जार ५० के.जी.), प्याज ७ बोरा अर्थात (३ सय ५० के.जी.) र लसुन ३ बोरा (१ एक ५० के.जी.) गरि अन्दाजी मुल्य एक लाख पैतालिस हजार बराबरको सामान बरामद गरी आवश्यक कारवाहीको लागि मुल भन्सार कार्यालय रानी विराटनगरमा बुझाएको छ ।

कोरोना भाइरस (कोभिड-१९) के संक्रमणसे बचैके लेल समाजिक दुरी कायम करु आर मास्क लगाऔ ।

## प्रतिवन्धीत लागू औषधी सहित एक जना पक्राउ

मोरङ ,मंसिर १० गते । मोरङको बिराटनगर(१३ सैनिक टोल स्थितबाट प्रतिवन्धित औषधी सहित एक जना पक्राउ परेका छन । पक्राउ पर्नेमा सोही स्थानका ३६ बर्षीय नरेश यादव रहेका छन ।

यादबलाई हिजो साँझ साढे ६ बजे जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको हो । यादबले बिभिन्न किसिमका प्रतिवन्धित औषधीहरु भन्सार छली गरी ल्याएर आफ्नो घरमा लुकाई छिपाई राखेको भन्ने विशेष सुराकका आधारमा खटिएको प्रहरी टोलीले उनको घरमा खानतलासी गरेको थियो ।

घरमा खानतलासी गर्ने क्रममा घरको पछाडी कम्पाउण्ड भित्र राखेको अवस्थामा स्ट्रील वाटर फर इनजेक्सन ४सय ४८ पिस, डोक्सीक्लीन ४ सय २१ पिस, एम परसोल ४० इन्जेक्सन ३ सय ५० पिस, न्योपरेट ५ एमएल २ सय पिस, ओकेरोन १ सय ५६ पिस, सुकोलसुसिलयल कोलिन १ सय पिस लगायतका प्रतिवन्धित औषधीहरु फेला पारी बरामद गरिएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

यसरी बरामद गरिएको प्रतिवन्धित औषधीहरु र पक्राउ परेका नरेश यादव समेतलाई आवश्यक कारबाहीको लागी औषधी ब्यवस्था विभाग विराटनगरमा बुझाउने तर्फ आवश्यक कार्य भईरहेको उक्त कार्यालयले जनाएको छ ।

## ब्राउन सुगर सहित चार पक्राउ

झापा । झापाको मेचीनगर नगरपालिका वडा नं. ७ बाट नियन्त्रीत लागुऔषध ब्राउसुगर सहित ४ जना पक्राउ परेका छन् ।

उक्त वडाको सिदार्थ टोलमा एक घर भाडामा नै लिएर लागुऔषध बिक्री बितरण हुने गरेको भन्ने सूचनाका आधारमा ईलाका प्रहरी कार्यालय काकडभिट्टा र लागुऔषध नियन्त्रण ब्युरो काकडभिट्टाबाट खटिएको प्रहरी टोलीले लागुऔषध सहित ४ जनालाई पक्राउ गरेको हो ।

पक्राउ पर्नेहरुमा लागुऔषध बिक्री बितरण गर्ने सिताराम आङदेम्बे, निजको श्रीमती मनिषा मगर तथा लागुऔषध खरिद गर्ने धरान उपमहानगर पालिका वडा नं. ५ का २४ बर्षीय कल्याण राई र धरान उपमहानगर पालिकाका वडा नं. १६ का २४ बर्षीय रिजन लकन्द्री रहेका छन् ।

पक्राउ परेकाहरुको साथबाट प्रहरीले २८ ग्राम नियन्त्रीत लागुऔषध ब्राउसुगर, नगद १ लाख ३३ हजार रुपैयाँ र मोवायल ३ थान समेत बरामद गरेको छ । लागुऔषध सहित पक्राउ परेका चारै जनाको सम्बन्धमा थप अनुसन्धान भईरहेको ईलाका प्रहरी कार्यालय काकडभिट्टाले जनाएको छ ।

## भन्सार छलीका अबैद्ध लत्ताकपडा बरामद

विराटनगर । विराटनगर महानगरपालिका वडा नं. १३ स्थितबाट अवैध रूपमा भन्सार छली गरी ल्याएका लत्ता कपडाहरु प्रहरीले बरामद गरेको छ ।

जिल्ला प्रहरी कार्यालय मोरङबाट गस्तीमा खटिएको प्रहरी टोलीले विराटनगर महानगरपालिका वडा नं. १३ स्थितबाट हनुमान मन्दिर टोल स्थित एरियाबाट ६३ हजार ६ सय १० रुपैया बराबरको विभिन्न किसिमका लत्ताकपडा, कस्मेटीक सामान तथा खाध्यान्न सामाग्रीहरु फेला पारी बरामद गरेको हो ।

बरामद गरिएको उक्त सामानहरु आवश्यक कारवाहीको लागी भन्सार कार्यालय रानी विराटनगरमा बुझाएको प्रहरीले जनाएको छ ।


## विराटनगर महानगरपालिकाको सूचना

- मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं ।
- उपभोक्ता हित संरक्षणमा चनाखो बनौं ।
- छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं ।
- आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं ।
- छाडा चौपायाको नियन्त्रण गरौं , घरपालुवा चौपायाहरु छाडा नछाडौ ।
- सडक तथा पेटीकीनारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं ।
- बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- बालश्रम शोषण समाजिक अपराध हो ।
- विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं।
- सार्वजनिक स्थलमा जतातततै फोहोरमैला नफालौं ।

मोटर साइकल चलाउदा हेलमेट अनिवार्य प्रयोग गरौं ।

## कोरोना ( C0VID–19 ) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाईरस ?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के-के हुन सक्छन् ?**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

**3. यसबाट बच्न के-के गर्ने ?**

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

केराबारी गाउँपालिका मोरंग प्रदेश नं. १



## कोरोना ( C0VID–19 ) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाईरस ?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के-के हुन सक्छन् ?**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

**3. यसबाट बच्न के-के गर्ने ?**

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।



सुनबर्सी नगरपालिका मोरंग प्रदेश नं. १